**अनुसूची २**
(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ११ मिति : २०७७/०५/०५

**भाग-२**
**चौरजहारी नगरपालिका**

**प्रमाणित मिति :-** २०७७/०५/०५

## शिक्षा (दोस्रो संशोधन) नियमावली,२०७७

**नगर शिक्षा ऐन,२०७४** को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर कार्यपालिकाले **नगर शिक्षा (दोस्रो संशोधन) नियमावली, २०७७** जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम **"नगर शिक्षा (दोस्रो संशोधन) नियमावली, २०७७"** रहेकोछ ।

(२) यो नियमावली चौरजहारी नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. मूल नियमावलीको नियम २३ मा संशोधन :** नियम २३ को उपनियम (१) को खण्ड (च) मा रहेको**"विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने र त्यसरी नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने"** भन्ने व्यवस्थाको सट्टा **"सम्बन्धित विद्यालयको लागि नगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसार विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्न एवम् स्वीकृत दरवन्दीभन्दा बढि शिक्षक तथा कर्मचारी आवश्यक पर्ने खण्डमा सोको आधार, कारण र औचित्य खुलाई थप दरवन्दी माग गरी नगरपालिकामा सिफारिस गर्ने" भन्ने व्यवस्था राख्ने ।**

**३. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को उपनियम (४) मा रहेको "कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम**

चौरजहारी नगरपालिका